नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-०७९/८०

चलानी नं.:- ३२२

मितिः-२०७९/१०/२९

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**

**स्थानीय तह (LISA को नतिजा सार्वजनिक गर्न बाँकी सबै)**

विषय : <u>स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा सार्वजनिक गर्ने सम्बन्धमा</u> ।

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायतका कानूनले स्थानीय तहको कार्य जिम्मेवारी तोकेका विषय, कार्यविधि र उपलब्धीका बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको विश्लेषण गर्ने प्रयोजनका लागि स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ कार्यन्वयनमा रहेको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ (पहिलो संशोधन) मा स्वमूल्याङ्कनको नतिजा कार्यपालिकाबाट स्वीकृत गरी आ-आफ्नो Website र सूचनापाटी मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ । हालसम्म ६९४ स्थानीय तहबाट स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कनको नतिजा सार्वजनिक भइसकेको र ५९ स्थानीय तहले नतिजा सार्वजनिक गर्न बाँकी रहेको देखिएको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा सार्वजनिक गर्ने प्रणाली मिति २०७९/११/१० गते रातको १२.०० बजे पश्चात् बन्द गरिने व्यहोरा अनुरोध छ । तसर्थ नतिजा सार्वजनिक गर्न बाँकी स्थानीय तहले सो समयभित्र स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा सार्वजनिक गर्नुहुन निर्णयानुसार अनुरोध छ।

०७९/१०/२९

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

बोधार्थ :

श्री जिल्ला समन्वय अधिकारीज्यू,

जिल्ला समन्वय समिति (सबै): आवश्यक समन्वय र सहजीकरण हुन ।

श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमः आवश्यक समन्वय र सहजीकरण हुन ।

श्री सूचना तथा प्रविधि शाखाः Website मा अपलोड गरिदिनु हुन ।